आर्थिक वर्षः २०८२/०८३

संस्थागत विकास तथा सुशासन समितिको

प्रगति प्रतिवेदन

## <u>आर्थिक वर्षः २०८२/०८३ को संस्थागत विकास तथा सुशासन समितिको बैठकको प्रतिवेदन</u>

### <u>१.पृष्ठभूमि</u>

उतरगया गाउँपालिकाको संस्थागत विकास तथा सुशासन समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट पारित निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा तथा मूल्याङ्कन गर्ने उद्देश्यले यो प्रगति प्रतिवेदन तयार गरिएको हो। समितिले सुशासन, सेवा प्रवाह, मानव संसाधन व्यवस्थापन, सूचना प्रविधिको प्रयोग तथा संस्थागत सुदृढीकरण सम्बन्धी विभिन्न निर्णयहरू गरेको थियो।

### <u>२.प्रतिवेदनको उद्देश्य</u>

समितिका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्ने।

प्राप्त उपलब्धि तथा देखिएका समस्याहरूको पहिचान गर्ने।

आगामी कार्ययोजना तय गर्न आधार प्रदान गर्ने।

### <u>३. प्रगति विवरण</u>

१. कर्मचारी व्यवस्थापन तथा कार्यसम्पादन सुधार

निर्णयः शाखागत जनशक्ति व्यवस्थापन तथा जिम्मेवारी स्पष्ट गर्ने।

प्रगतिः

शाखागत कार्यविवरण अद्यावधिक गरिएको।

कर्मचारीको जिम्मेवारी तथा कार्यविभाजन स्पष्ट गरिएको।

आवश्यक जनशक्तिको विवरण संकलन गरी पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाइएको।

उपलब्धिः

कार्यसम्पादनमा स्पष्टता आएको।

शाखाहरूबीच समन्वय सुधार भएको।

स्थितिः प्रगतिमा रहेको।

२. डिजिटल हाजिरी प्रणाली लागू गर्ने

निर्णयः कर्मचारी उपस्थितिलाई व्यवस्थित तथा पारदर्शी बनाउन डिजिटल हाजिरी प्रणाली लागू गर्ने।

प्रगतिः

आवश्यक सफ्टवेयर तथा प्राविधिक विकल्पहरूको अध्ययन सम्पन्न।

कर्मचारीहरूलाई प्रणाली सम्बन्धी जानकारी प्रदान गरिएको।

उपलब्धिः

उपस्थितिको अभिलेख व्यवस्थापन सहज भएको।

अनुगमन तथा मूल्याङ्कन प्रक्रिया प्रभावकारी बन्ने आधार तयार भएको।

स्थितिः पूर्ण रुपमा कार्यान्वयनमा रहेको

३. सेवा प्रवाह सुधार

**निर्णयः** सेवाग्राहीमैत्री तथा छिटो सेवा प्रवाह सुनिश्चित गर्ने।

**प्रगतिः**

सेवा प्रक्रियाको पुनरावलोकन गरिएको।

नागरिक बडापत्र अद्यावधिक गरिएको।

आवश्यक सूचना सामग्री सार्वजनिक गरिएको।

**उपलब्धिः**

सेवाग्राहीको पहुँचमा सुधार।

सेवा प्राप्त गर्ने समय घटेको।

**स्थितिः** निरन्तर कार्यान्वयनमा।

४. राजस्व व्यवस्थापन सुदृढीकरण

**निर्णयः** राजस्व संकलन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने।

**प्रगतिः**

राजस्व अभिलेख अद्यावधिक गरिएको।

राजस्व संकलनको नियमित अनुगमन गरिएको।

चुहावट नियन्त्रणका लागि आवश्यक निर्देशन जारी गरिएको।

**उपलब्धिः**

राजस्व अभिलेखीकरण व्यवस्थित भएको।

संकलन प्रक्रियामा पारदर्शिता वृद्धि भएको।

**स्थितिः** प्रगतिमा रहेको।

५. सुशासन तथा पारदर्शिता प्रवर्द्धन

**निर्णयः** संस्थागत सुशासन सुदृढीकरण तथा निर्णय कार्यान्वयन अनुगमन गर्ने।

**प्रगतिः**

निर्णयहरूको अभिलेखीकरण नियमित गरिएको।

शाखागत प्रगति समीक्षा बैठक सञ्चालन गरिएको।

अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सक्रिय बनाइएको।

**उपलब्धिः**

उत्तरदायित्व तथा पारदर्शिता अभिवृद्धि भएको।

गोसाइँकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय कार्यान्वयनको अवस्थाबारे नियमित जानकारी उपलब्ध भएको।

**स्थितिः** निरन्तर कार्यान्वयनमा।

६. मानक कार्य सञ्चालन प्रक्रिया तर्जुमा सम्बन्धमा।

**निर्णयः** मानक कार्य सञ्चालन समबन्धी मस्यौदा तयार गर्ने।

**प्रगतिः** आगामी आ.व.मा कार्य योजना सहितको कार्यविधि तर्जुमा गर्ने

**उपलब्धीः** सम्पादन हुने कार्यहरु थप व्यवस्थित र पारदर्शी हुने

७. संस्थागत स्मृति व्यवस्थापन तथा अभिलेख संरक्षण

**निर्णयः** संस्थागत स्मृति व्यवस्थापन तथा अभिलेख संरक्षणको लागि मस्यौदा तयार गर्ने

**प्रगतिः** सो सम्बन्धी कार्य योजना सहितको कार्यविधि तर्जुमा गर्ने

**उपलब्धीः** गाउँपालिकाको संस्थागत ज्ञान, अनुभव, अभिलेख, नीतिगत निर्णय, सिकाइ तथा उत्कृष्ट अभ्यासहरुको संरक्षण, व्यवस्थापन र हस्तान्तरण गरी संस्थागत निरन्तरता तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण कागजातहरुको व्यवस्थित अभिलेखिकरण तथा डिजिटाइजेसन गर्ने

**<u>४. समग्र उपलब्धि</u>**

संस्थागत सुशासनमा सुधार।

सेवा प्रवाह थप व्यवस्थित।

डिजिटल प्रणालीको प्रयोग बढेको।

कर्मचारी व्यवस्थापन प्रभावकारी बनेको।

निर्णय कार्यान्वयनको अनुगमन प्रणाली सुदृढ भएको।

शाखागत कार्यसम्पादनमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि भएको

गाउँपालिकाको समग्र वस्तुस्थितिको विवरण तयार भएको

**<u>५.समस्या तथा चुनौती</u>**

सीमित जनशक्ति।

प्राविधिक स्रोत तथा बजेटको कमी।

केही निर्णय कार्यान्वयनमा प्रक्रियागत ढिलाइ।

**<u>६.आगामी कार्ययोजना</u>**

बाँकी निर्णयहरूको पूर्ण कार्यान्वयन।

डिजिटल प्रणालीको पूर्ण सञ्चालन।

नियमित अनुगमन तथा मूल्याङ्कन।

क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन।

मानक कार्य सञ्चालन प्रक्रिया तर्जुमाका लागि कार्यविधि निर्माण गर्ने

गाउँपालिकाको संस्थागत ज्ञान, अनुभव, अभिलेख, नीतिगत निर्णय, सिकाइ तथा उत्कृष्ट अभ्यासहरुको संरक्षण, व्यवस्थापन र हस्तान्तरण गर्न संस्थागत स्मृति व्यवस्थापन तथा अभिलेख संरक्षणको कार्य गर्ने।

## ७. निष्कर्ष

समितिबाट भएका अधिकांश निर्णयहरू कार्यान्वयनको चरणमा रहेका छन् र समग्र प्रगति सन्तोषजनक रहेको छ। बाँकी कार्यहरूलाई निर्धारित समयभित्र सम्पन्न गरी संस्थागत सुशासन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३